ङ) देशभित्र पर्याप्त रोजगारिको अवसर सिर्जना नभई सकेको अवस्थामा रोजगारीका लागि विदेश जानेहरुलाई आवश्यक तालिम, सिप विकास, सहुलियत ऋण र जीवन विमा व्यवस्थाजस्ता कार्यहरु मार्फत वैदेशिक रोजगारिलाई सुरक्षित र लाभमूलक बनाईनेछ।

च) वित्तिय संस्थाको सहयोगमा रोजगारी प्रवर्द्धनका निमित्त एक स्वरोजगार कोष स्थापना गरिने छ। सो कोषबाट बेरोजगारहरुलाई तालिम, सहुलियत ऋण र अन्य सहयोग उपलब्ध गराईनेछ।

घ) शिक्षा

राप्रपाले सबैलाई शिक्षा भन्ने मान्यता अनुरुप विद्यमान शिक्षा प्रणालीमा आमूल सुधार गर्नेछ। यसका लागि तत्काल ूराष्ट्रिय शिक्षा सुधार आयोगू गठन गरिने छ। विद्यालय शिक्षादेखि विश्वविद्यालयसम्मको शिक्षालाई राष्ट्र तथा जीवनको लागि उपयोगि बनाईने छ। प्रत्येक नागरिकलाई स्वावलम्वी बनाउने तथा राष्ट्रका लागि आवश्यक दक्ष जनशक्ति तयार गर्ने उदेश्य अनुरुप शिक्षालाई नंया ढंगबाट विकास र विस्तार गरिनेछ। व्यावसायिक, प्राविधिक तथा गुणात्मक शिक्षालाई जोड दिईने छ। अनौपचारिक र विशेष शिक्षा लगायत खुल्ला विद्यालय/महाविद्यालय/विश्वविद्यालय मार्फत पनि आधुनिक शिक्षामा पहुँच व्यापक रmपमा बढाइनेछ। सार्वजनिक विद्यालयहरुको शैक्षिक स्तर अभिवृद्धिमा विशेष ध्यान दिईने छ। यसका साथै ँ,

क) शिक्षाको गुणस्तर सुधार गर्न पाँच वर्षभित्र प्रत्येक गापामा कम्तिमा एक सामुदायिक माध्यमिक विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गरिनेछ।

ख) शैक्षिक क्षेत्रमा विद्यमान पार्टीकरण र भागवण्डालाई अन्त्य गरिनेछ तथा शिक्षालाई राजनीतिको प्रत्यक्ष प्रभावबाट मुक्त तुल्याईने छ। शिक्षकहरुलाई राजनैतिक पार्टीको सदस्य बन्न नपाईने व्यवस्था गरिनेछ।

ग) छोरीहरुलाई शिक्षा प्रति आकर्षित गर्न १२ कक्षा सम्म अनिवार्य र निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ।

घ) शिक्षकहरुको वृत्ति विकासको निमित्त विशेष प्याकेज कार्यक्रम ल्याईनेछ। सार्वजनिक विद्यालयमा अग्रेजी, विज्ञान र गणित विषयको अध्यापनस्तर वृद्धि गर्न उल्लेखित विषयका शिक्षकहरुलाई थप आर्थिक सुविधा उपलब्ध गराईनेछ।

ङ) दश वर्ष भित्रमा सतप्रतिशत साक्षरता कायम गर्ने गरि कार्यक्रम कार्यान्वन गरिनेछ।

च) गाउँ/नगरपालिकाहरुबाट अनुदान प्राप्त गर्ने विद्यालयहरुमा माध्यमिक तहसम्मको पढाई निःशुल्क गरिनेछ।

छ) सरकारी विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विशेष कार्ययोजना संचालन गरिनेछ। अंग्रेजी, गणित र विज्ञानका शिक्षकहरुको दक्षता वृद्धिमा जोड दिईनेछ। सार्वजनिक शिक्षाको गुणस्तर अभिवृद्धिका लागि विद्यालयमा सुशासन प्रवर्द्धन गर्न स्थानीय समुदायको सहभागिता सुनिश्चित गरिनेछ।

ज) प्रत्येक गाउँ/नगरपालिकाले हरेक वर्ष छात्रवृत्ति प्रदान गरि गाँउ/नगरपालिकाको जेहेन्दार विद्यार्थी मध्यबाट एकजना डाक्टर र एकजना ईन्जिनियरलाई पढन पठाईनेछ। त्यसरी पढेर आएको व्यक्तिले कम्तिमा पाँच वर्ष सम्बन्धित गाउँ/नगरपालिकाको अस्पतालमा काम गर्नुपर्नेछ।

झ) सार्वजनिक र नीजी विद्यालयमा प्रयोग हुने पाठ्य सामग्रीमा देखिएका भिन्नतालाई सम्बोधन गर्न पाठ्यसामग्रीमा आवश्यक परिमार्जन गरी एकरूपता कायम गरिनेछ।

ञ) रोजगारी र उद्यमशीलताको लागि शिक्षा भन्ने मान्यता अनुरुप शिक्षाको विकास र विस्तार गरिनेछ। विद्यालयको पाठ्यक्रमले स्थानीय उत्पादन, श्रम एंव स्थानीय अर्थतन्त्र, स्थानीय रोजगार वृद्धि गर्ने कार्यलाई सुनिश्चित गर्ने गरी रोजगारमूलक व्यवसायिक शिक्षालाई जोड दिइनेछ।

ट) शिक्षण पेशालाई आकर्षक, पेशागत र मर्यादित बनाउने क्रममा गाउँ/नगरपालिकाले उत्कृष्ट विद्यार्थीहरुलाई शिक्षण पेशाप्रति आकर्षित गर्न आवश्यक प्रवन्ध मिलाउनेछ।

ठ) महिला, दलित तथा पछाडि पारिएका समुदायका नागरिकलाई शिक्षण पेशामा अवसर सिर्जना गर्न विशेष व्यवस्था गरिनेछ।

ड) सामुदायिक विद्यालयका आवश्यक पूर्वाधार जस्तै– सुरक्षित भवन, पर्याप्त फर्निचर, पुस्तकालय, शैक्षिक सामग्री, प्रयोगशाला, खानेपानी, छात्राछात्रका लागि छुट्टा–छुट्टै शौचालय, खेलकुदको व्यवस्था, सरसफाइ आदिको प्रबन्ध विद्यार्थी अनुपातमा गर्ने कुरा सुनिश्चित गरिनेछ ।

ढ) स्थानीय समुदायको सहमति लिएर तथा आवश्यकता अनुसार कम्तिमा शिशु शिक्षादेखि कक्षा ३ सम्म मातृभाषामा अध्ययन/अध्यापन गराउने व्यवस्था मिलाईनेछ।

ण) शिक्षामा राजनीतिक हस्तक्षेप (विद्यालय व्यवस्थापन, शिक्षक नियुक्ति, शिक्षक तथा विद्यार्थी परिचालन, स्रोतसाधन वितरण, विकास निर्माण, सरुवा, बढुवा, बन्द, हड्ताल, भ्रातृ संगठन खोल्ने, दलीय भागबण्डा) पूर्ण बन्द गरी शैक्षिक क्षेत्रलाई राजनीतिक हस्तक्षेप मुक्त बनाउँदै शान्तिक्षेत्र बनाईनेछ।

त) शिक्षाको बिकासमा निजी क्षेत्रको भूमिकालाई आबश्यक नियमन गरि प्रोत्साहित गरिनेछ।

ड) स्वास्थ्य

प्रत्येक नेपाली जनता स्वास्थ्य सुविधाबाट वंचित हुन नपरोस् भन्ने उद्येश्यअनुरुप स्वास्थ्य क्षेत्रको विकास गरिनेछ। स्वास्थ्य सुविधालाई अझै सस्तो एवं सुलभ, पहूँचयोग्य, गुणात्मक र भरपर्दो बनाईनेछ तथा स्वास्थ्य सेवामा आमजनताको सहज पंहुच कायम गरिने छ। यस क्रममाः

क) स्वास्थ्य विमाको अवधारणा कार्यान्वन गरि क्रमशः विपन्न वर्ग, राष्ट्रसेवक, सुरक्षाकर्मी, मजदुर वर्ग, महिला र आम जनसमुदायलाई निःशुल्क स्वास्थ्योपचारको व्यवस्था गरिनेछ।

ख) सरकार तथा निजी क्षेत्रको साझेदारीमा सवैलाई स्वास्थ्य भन्ने मान्यता अनुरुप स्वास्थ्य क्षेत्रको व्यापक विकास र विस्तार गरिनेछ।